# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २ सङ्ख्याः १० मितिः २०७७/०९/१२

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँकार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको कार्यविधि नं. ९**

# गौमुखी गाउँपालिकामा बैकल्पिक बाल विकास कक्षा सञ्चालन गर्ने बाल विकास शिक्षक छनौट सम्बन्धी कार्यविधि, २०७७

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०८।३०**

गौमुखी गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाहका लागि ४/५ वर्ष उमेर समूहका समुदायमा अधारित बैकल्पिक बाल विकास कक्षा सञ्चालन कार्य लाई आवश्यक्ताका आधारमा संस्थालाई व्यवस्थित, मर्यादित र प्रभावकारी रुपमा सञ्चालन गर्न गौमुखी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम **गौमुखी गाउँपालिका अन्तगर्तका सबै बैकल्पिक बाल विकास केन्द्र सञ्चालन तथा कर्मचारी परिक्षा सञ्चालन ब्यवस्थापन सम्बन्धी कार्यविधि** सम्झनु पर्दछ।

१.२ यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

२.१ अध्यक्ष भन्नाले गौमुखी गा.पा. अध्यक्ष सम्झनु पर्दछ।

२.२ कार्यविधि भन्नाले गौमुखी गाउँपालिका अन्तगर्तका सबै बैकल्पिक बाल विकास कक्षा सञ्चालन तथा परिक्षा सञ्चालन ब्यवस्थापन सम्बन्धी कार्यविधि सम्झनु पर्दछ।

२.३ ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

२.४ कार्यालय भन्नाले गौमुखी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

२.५ कर्मचारी भन्नाले बैकल्पिक बाल विकास केन्द्रमा सेवा उपलब्ध गराउने गरी व्यवस्था भएको सम्झनु पर्दछ।

२.६ समिति भन्नालेः

(अ) दफा ४ बमोजिम बैकल्पिक बाल विकास व्यवस्थापन समिति सम्झनु पर्दछ।

(आ) दफा ५ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्दछ।

**३. बैकल्पिक बाल विकास समितिः**

३.१ बैकल्पिक बाल विकास समितिको अध्यक्ष तथा सदस्यको छनौट देहाय बमोजिम हुनेछ।

(क) अभिभावकले आफुहरु मध्येबाट छानी पठाएका २ जना महिला सहित ४ जना सदस्य

(ख) सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष सदस्य

(घ) स्थानीय बुद्धिजिवि, शिक्षाप्रेमी मध्येबाट समितिले मनोनित गरेको १ जना महिला सहित २ जना सदस्य

(ङ) अभिभावकहरुमध्येबाट छनौट गरी पठाइएका सदस्यहरुबाट समितिले छनौट गरेको १ जना — अध्यक्ष

(च) सम्बन्धित बैकल्पिक कक्षाको शिक्षिका — सदस्य सचिव

३.२ समितिको पदावधि ३ वर्षको हुनेछ तर बैकल्पिक कक्षा खारेज भएका समितिको पदावधि स्वतः खारेज हुनेछ।

३.३ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बैकल्पिक बाल विकास संचालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने

(ख) कक्षा संचालनका लागि चाहिने आवश्यक आर्थिक श्रोत जुटाउने

(ग) शैक्षिक स्तर बृद्धि गर्न आवश्य सामान तथा शैक्षिक सामग्रीको व्यवस्था गर्ने

**४. परीक्षा छनौट सम्बन्धी व्यवस्थाः**

४.१ शैक्षिक योग्यताः आइ.एड वा सो सरह पास गरेको हुनु पर्नेछ।

४.२ शैक्षिक योग्यता वाप्त प्रथम श्रेणीलाई ३, द्वितीयलाई २ र तृतीयलाई एक अंक दिईने छ।

**५. परीक्षा तथा अन्तरवार्ता समितः**

५.१ माग पद संख्याको आधारमा परीक्षा संचालन गर्न र अन्तरवार्ता समेत लिई नियुक्तीका लागि सिफारिस गर्न देहाय बमोजिमको परीक्षा तथा अन्तरवार्ता समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) प्रमुख प्रशाकीय अधिकृतले तोकेको विषय विज्ञको रुपमा एक जना कर्मचारी वा शिक्षक, आवश्यक देखिएमा विज्ञ शिक्षकलाई आमन्त्रण गर्न सकिनेछ। — सदस्य

(ग) गा.पा. को शिक्षा शाखा प्रमुख — सदस्य सचिव

५.२ बाल विकास शिक्षकको परीक्षाका लागि देहाय बमोजिमको पाठ्यक्रम हुनेछ।

| | |
|---|---|
| (क) बस्तुगत | ४० |
| (ख) विषयगत | ६० |
| (ग) अन्तरवार्ता | १० |

**(क) बस्तुगतः**

१. नेपालको राष्ट्रिय शिक्षाको उद्देश्यहरु

२. तहगत उद्देश्यहरु (पूर्व प्राथमिक, प्राथमिक तथा आधारभूत तह)

३. बिद्यालयको संरचना तथा पाठयक्रमको संरचना (आधारभूत तह)

४. समसामयिक घटना

५. प्रारम्भिक बाल विकासका महत्व र महत्वपूर्ण पक्षहरु

६. नेपालको संविधान (मौलिक हक तथा कर्तव्य)

७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ र १३

८. शिक्षा ऐन, २०२८

९. शिक्षा नियमावलि, २०५९ परिच्छेद २१, २२ र २३

**(ख) विषयगतः**

१. गणित, नेपालि, अङ्ग्रेजी, सामाजिक तथा सिर्जनात्मक कला, विज्ञान र स्वास्थ्य तथा शारीरिक शिक्षा

२. अनौपचारिक शिक्षा

३. शैक्षिक सामग्रीको आवश्यक्ता, महत्व, निर्माण र प्रयोग

४. समावेशी शिक्षा

५. शैक्षिक व्यवस्थापन (कक्षा शिक्षण र बहुकक्षा शिक्षण)

६. प्रारम्भिक बाल विकासका उद्देश्य तथा महत्व तथा महत्वपूर्ण पक्षहरु

**६. नतिजा विवरण प्रकाशणः**

६.१ दफा ५ बमोजिम सबै भन्दा बढी अंक ल्याउने उम्मेदवारहरु ४ बमोजिमको समितिको सिफारिशको आधारमा कार्यालयले उम्मेदवारको रोल नं., नाम थर, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रमको आधारमा नतिजा प्रकाशन गर्नेछ।

६.२ सोही नतिजाको आधारमा परीक्षा समितिले सम्बन्धित संस्थाको समितिलाई बैकल्पिक करारको समेत सूची राखी नियुक्तिका लागि सिफारिस गर्नेछ।

**७. नियुक्तिः** दफा ६ अनुसार सिफारिस भएको व्यक्तिलाई संस्थाले करारमा नियुक्ति दिनेछ।

**८. कार्य शर्त, पारिश्रमिक र अवधिः**

८.१ यस कार्यविधि अनुसार सेवा करारमा नियुक्ति गरिएका बाल विकास शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक सम्बन्धित संस्थाको नियमानुसार हुनेछ।

८.२ करार समाप्ति प्रत्येक आर्थिक वर्षको असार मसान्तमा हुनेछ।

८.३ प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखी करारमा म्याद गप गर्न सकिने छ।

तर करारमा नियुक्त गरिएको शिक्षक वा कर्मचारीको काम सन्तोषकजनक नभएको भनि कार्यरत संस्था वा कार्यालयको समितिले सिफारिस गरेमा कार्यालय वा सम्बन्धित कार्यलयले जुनसुकै समयमा/अवस्थामा कराबाट हटाउन सक्नेछ।

**९. बैकल्पिक बाल विकास केन्द्रको न्यून्तम मापदण्डः**

९.१ बैकल्पिक बाल विकास केन्द्रमा कम्तिमा ३ वर्ष पुरा भई ५ वर्ष ननाघेका न्यून्तम १० जना बालबालिकाको संख्या हुनुपर्नेछ। १० जना भन्दा कम भएमा त्यस्तो बैकल्पिक बाल विकास केन्द्र स्वतः खारेज हुनेछ।

**१०. विज्ञापन सम्बन्धी व्यवस्थाः**

१०.१ सम्बन्धित कार्यालयले विज्ञापन अनुमतिका लागि समितिको निर्णय सहित १० जना भन्दा बढि विद्यार्थी भएमा मात्र गाउँपालिकामा अनुमति माग गर्नु पर्नेछ।

१०.२ त्यसरी अनुमति माग भई आएमा गाउँपालिकाको कार्यालयले आवश्यक जाँचबुझ गरि नियमानुसार विज्ञापन आहवानका लागि अनुमति प्रदान गर्नेछ।

**११. बाधा अडकाउ फुकाउने अधिकारः**

११.१ यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध सिर्जना भएमा त्यस्तो बाधा अडकाउ फुकाउने पूर्ण अधिकार गाउँकार्यपालिकालाई हुनेछ।

११.२ यस कार्यविधिको कुनै दफा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानून बमोजिम हुनेछ।

आज्ञाले,<br>
राजिब पन्थी<br>
प्रमुख प्रशासकीय अधिकृत